आज मिति २०७६ चैत्र २१ गते शुक्रवारका दिन यस टोखा नगरपालिकाका नगर-प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको वाउन्नौं कार्यपालिका बैठकमा देहाय वमोजिमको उपस्थिति रह्यो ।

| क्र. स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३ | वडा अध्यक्ष | श्री श्रीकृष्ण अधिकारी | | |
| ४ | वडा अध्यक्ष | श्री दिपकराज जोशी | | |
| ५ | वडा अध्यक्ष | श्री सिंहराज श्रेष्ठ | | |
| ६ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष | श्री जगन्नाथ ढकाल | | |
| ८ | वडा अध्यक्ष | श्री महेश्वर के.सी. का.वा. | | |
| ९ | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| १० | वडा अध्यक्ष | श्री केशव बहादुर खत्री | | |
| ११ | वडा अध्यक्ष | श्री जोग प्रसाद नेपाल | | |
| १२ | वडा अध्यक्ष | श्री मधुसुदन पाण्डे | | |
| १३ | वडा अध्यक्ष | श्री उत्तम अधिकारी | | |
| १४ | न.का.स | श्री पार्वती अधिकारी | | |
| १५ | न.का.स | श्री कल्पना घिमिरे | | |
| १६ | न.का.स | श्री जगतमाया महर्जन | | |
| १७ | न.का.स | श्री उर्मिला बि.क. | | |
| १८ | न.का.स | श्री शोभा तामाङ | | |
| १९ | न.का.स | श्री लिला भुजेल | | |
| २० | न.का.स | श्री बच्चु बस्याल | | |
| २१ | न.का.स | श्री सन्जिव सुनुवार | | |
| २२ | सदस्य सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री प्रदिप पौडेल | | |

Scanned with CamScanner

मिति २०७६ साल चैत्र २१ गते टोखा नगरपालिकाको ५२ औं कार्यपालिका वैठकको निर्णयहरु;

१ कोरोना नियन्त्रण राहत कोष गठन सम्वन्धमा **<u>कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष</u>** खडा गरि उक्त कोषको खाता एन आइ सी एशिया वैंकमा संचालन गर्ने र नगरसभावाट पारित भएको वडास्तरका लक्षित वर्ग,भैपरी तथा मर्मत र नगरस्तरका विपद व्यवस्थापन र लक्षित वर्गमा विनियोजन भइ सम्झौता हुन वाकी भएका कार्यक्रमको वजेटलाई रकमान्तर गरि सो कोषमा राख्ने साथै यदि वडास्तरमा उपरोक्त कार्यक्रममा वजेट वांकी नभएको भए वडा समितिवाट निर्णय गरि सम्झौता एवं खर्च हुन वांकी योजना तथा कार्यक्रमवाट वडा समितीवाट सिफारिस भइ अएमा सो वमोजिम रकमान्तर गरि सो कोषमा रकम जम्मा गर्ने निर्णय गरियो । उक्त कोषमा हाल नगरपालीकावाट दुइ करोड पचास लाख रकम जम्मा गर्ने र उक्त कोषमा रकम जम्मा गर्न इच्छुक व्यक्ति तथा संघ संस्थाहरुलाइ आह्वान गर्ने र यस सम्वन्धमा हाल सम्म भएको सवै खर्चहरु यसै कोषवाट हुने गरि व्यवस्था गर्ने र सो व्यहोरा अनुमोदनको लागि अगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२ मिति २०७६।१२।१७ गते नगर विपद् व्यवस्थापन समितिको वैठक तथा राहात वितरण मापदण्ड निर्धारण उपसमितिले निर्धारण गरेको मापदण्डमा संशोधन गरि नेपाल सरकार, अर्थमन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय **<u>असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराइने राहत सम्वन्धी नमूना मापदण्ड २०७६ र कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरुको लागि राहात सुविधा प्रदान गर्ने कार्य योजना २०७६</u>** उपत्यका मेयर फोरमको वैठकलाई आधार मानी मिति २०७६।१२।२१ गते उक्त समितिको सिफारिस तथा निर्धारण



Scanned with CamScanner

गरेकोलाई आधार मानी अर्थ मन्त्रालयको मापदण्ड वमोजिम वडास्तरमा नै राहात वितरण गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

३ राहात वितरण उपसमितीले मिति २०७६।१२।२१ को निर्णयानुसार वडा अध्यक्ष्य वा निजले तोकेको सदस्यको संयोजकत्वमा राहात पहिचान तथा वितरण गर्नको लागि पांच सदस्यीय सर्वपक्षिय सहितको छानविन समिती गठन गरि यसमा सवै वडस्तरिय समन्वय समितीका पदाधिकारीहरु वाहेक वडा पदाधिकारीहरु रहने निर्णय गरियो ।

४ हाललाई सवै वडा कार्यालयहरुमा निम्न वमोजिम राहत वितरण गर्ने गरि यस अघि राहात प्रयोजनको लागि गएको एक/एक लाख पेश्कीको अतिरिक्त वडा नं १ मा चार लाख थप र वांकी वडाहरुमा सात/सात लाखका दरले नियमानुसार पछि पेश्की फर्छयौट गर्ने गरि थप. पेश्कि स्वरुप उपलव्ध गराउने निर्णय गरियो ।

क चामल ३० केजी

ख दाल ३ केजी

ग नुन २ प्याकेट

घ खाने तेल २ लिटर

ङ सावुन ४ वटा

च चिनि २ केजी

यस मापदण्ड वमोजिम राहात वितरण गर्दा एक परिवारलाई एक इकाइ मानी सम्वन्धित वडाले अभिलेख कायम गर्नु पर्नेछ । साथै परिवार संख्या कायम गर्दा दुइ जना सम्म भए माथी वमोजिमको राहत सामाग्रीको आधा रु १२५०। मा

Scanned with CamScanner

नवढ्ने गरि र सो भन्दा वढी परिवार संख्या भए पुरै राहात सामाग्री रु २५००। मा नवढ्ने गरी वितरण गर्ने निर्णय गरियो ।

५ कोरोना भाइरसको प्रभावलाई मध्य नजर गरि सवै किसिमका टोखा नगरपालिका भित्रका स्थानीय जात्रा तथा उत्सवहरु हाललाई स्थगन गर्ने निर्णय गरियो ।

६ यस सम्वन्धी हाल सम्म भएका सवै खर्च विवरणहरुको जानकारी तथा अनुमोदन गर्ने निर्णय गरियो ।

७ यसै कोषवाट खर्च लेख्ने गरि प्रत्येक वडा कार्यालयहरुलाई स्वयं सेवक खाजा खर्चस्वरुप रु पचासहजारका दरले पेश्की उपलव्ध गराउने निर्णय गरियो ।

८ कोरोना विपद व्यवस्थापनको सन्दर्भमा क्लोरिन छर्ने निम्न कर्मचारीहरुलाई शुरु तलव स्केलको दुइ सय प्रतिशत थप अतिरिक्त पारिश्रमिक स्वास्थ्य शाखाले राखेको लगत वमोजिमको अवधिको लागि उपलव्ध गराउने । सो कार्यमा खटिने अन्य कर्मचारीहरुको हकमा मिति २०७६।१२।१७ गते वसेको विपद् व्यवसथापन समितिको निर्णय वमोजिम नै गर्ने निर्णय गरियो ।

तपसिल

१ ह स चा श्री रामलाल श्रेष्ठ

२ ह स चा श्री जनक अधिकारी

३ ह स चा श्री वावुकाजी श्रेष्ठ

४ ह स चा श्री अजय कार्की

५ का स श्री प्रवेश लामिछाने

Scanned with CamScanner